# शिखर इन्स्योरेन्स कम्पनी लि.

नवौं
वार्षिक साधारण सभा
को
निर्णय

शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
फोन नं. ४२४६१०१, फ्याक्स नं. ९७७-१-४२४६१०३
पोष्ट बक्स नं. १०६९२,

विषय : नवौं वार्षिक साधारण सभाको निर्णय

आदरणीय शेयरधनी महानुभावहरु,

२०७१ आषाढ ६ गतेका दिन कम्पनीको केन्द्रिय कार्यालय, शिखर बिज सेन्टर, थापाथलीमा बसेको यस कम्पनीका नवौं वार्षिक साधारण सभाबाट पारित निर्णय जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

कम्पनी सचिव

शिखर इन्स्योरेन्स कं. लि. काठमाडौं

शिखर इन्स्योरेन्स कम्पनी लि.
नवौं वार्षिक साधारण सभाको
निर्णय विवरण

**१. वैधानिक सभा :**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री विकास जंगबहादुर राणाज्यूको अध्यक्षतामा कम्पनीको केन्द्रीय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०७१ असार ६ गते शुक्रवार बिहान ११:०० बजे प्रारम्भ भई दिउँसो २ बजे सम्पन्न भयो ।

**२. सूचना प्रकाशन :**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७१ जेठ १६ गते अगावै नवौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, आ.व. २०६९/०७० को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको र मिति २०७१ जेठ १५ गते अभियान राष्ट्रिय दैनिक र सोही सुचना नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

**३. (क) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री विकास जंगबहादुर राणा | अध्यक्ष |
| २. श्री राजेन्द्र प्रसाद श्रेष्ठ | संचालक |
| ३. श्री आई. पी. कर्माचार्य | संचालक |
| ४. श्री किरण शेखर अमात्य | संचालक |
| ५. श्री वुद्ध एयर प्रा.ली.को तर्फवाट रमेश कुमार लुइटेल | संचालक |

**(ख) पर्यवेक्षक :**

१.शशि अर्याल - नेपाल धितोपत्र वोर्ड

## ४. छलफलका विषयहरुको सूची :

**छलफलका विषयहरु:**

१. सामान्य प्रस्तावः

क. आ.व. २०६९/७० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

ख. आ.व. २०६९/७० को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

ग. संचालक समिति वाट प्रस्तावित रु.१८,४२,१०५/– नगद लाभांश पारित गर्ने (प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ )

घ. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७०/०७१ को लागि लेखा परिक्षकको नियूक्ति तथा पारिश्रमिक तोक्ने (हालका लेखा परिक्षक श्री जि. पि. राजवाहक एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस पुनः नियुक्ती को लागि योग्य हुनुहुन्छ ) ।

ङ. कम्पनीको नियमावली बमोजिम आगामी चार वर्षको लागी संस्थापक समूह (क) बाट ४ जना र समूह (ख) बाट २ जना गरी ६ जना नियुक्त गर्ने ।

च. विविध ।

२. विशेष प्रस्तावः

क. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुँजीको २० प्रतिशत बोनस शेयरको प्रस्ताव पारित गर्ने । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा ०.५ देखि माथिलाई माथिल्लो नजिकको अंकमा र ०.५ भन्दा कम आएको खण्डमा तल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा साविक कै शेयर स्वामित्व (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने ।)

ख. पुँजी वृद्धिको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने

## ५. सभाको गणपुरक संख्या :

| | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | २०८० | १९५ | ९.२३ |
| शेयर संख्या | १७५०००० | १३९६६३२ | ७९.८० |

## ६. सभाको वैधानिकता र अध्यक्षता :

साधारण सभाको कार्यवाही शरु हुनु अघि कम्पनी सचिव श्री निलेश रत्न तुलाधर ज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पूरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पूरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री विकास जंगबहादुर राणा ज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

**७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :**

कम्पनीको नवौं वार्षिक साधारण सभा संचालन गर्ने क्रममा सभाका अध्यक्ष श्री विकास जंगबहादुर राणाज्यूले विषय-सूची अनुसार संचालक समितिको आ.व. २०६९/०७० को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण सभामा प्रस्तुत गर्नुभयो ।

**८. छलफलको लागि आह्वान :**

अध्यक्षज्यूले आ.व.२०६९/०७० को संचालक समितिको नवौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण उपर आ-आफ्नो प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तब्य एवं सुझाव दिनको लागि शेयरधनीहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु राख्नुभएको थियो ।

क. श्री नर्सिंह लाल चखु
ख. श्री अमृत नाथ रेग्मी
ग. श्री उद्धव घिमिरे
घ. श्री माधव कुमार श्रेष्ठ
ङ. श्री मेजर कुवेर श्रेष्ठ
च. श्री डमरु वल्लभ घिमिरे
छ. श्री लवराज जोशी
ज. श्री रामगोपाल महर्जन
झ. श्री अमिर दास रन्जीत
ञ. श्री इन्द्र कृष्ण श्रेष्ठ

**९. शेयरधनीहरुबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरु :**

*९.१. नर्सिंह लाल चखु*

- वित्तीय विवरण हेर्दा सम्रग रुपमा कम्पनीद्वारा राम्रो काम भएको धारणा व्यक्त ।
- प्रतिफल २०% वोनस शेयर दिएकोमा संचालक, व्यवस्थापक र कर्मचारीहरुलाई धन्यवाद ज्ञापन ।
- सवै प्रकारका बीमा आम्दानीमा राम्रो वृद्धी भए तापनी हवाई बीमामा नाफा घटेको धारणा व्यक्त ।
- EPS,DPS,MPPS,PE Ratio मा प्रगती भएको धारणा व्यक्त
- इनभेष्टमेन्ट पोर्टफोलियो साकारत्मक भएको तथा विजनेस प्लान र व्यवसायिक रणनिति राम्रो भएको धारणा व्यक्त ।
- हाइड्रो पावर र कृषि क्षेत्रमा लगानी गर्न सुझाव व्यक्त ।
- सुशासन तथा व्यवस्थापनमा अग्र पंक्तिमा रहेको धारणा व्यक्त ।
- सुचना प्रवाहमा प्रगति गरेको धारणा व्यक्त ।

- दावी फच्छ्यौटमा सजग भई कार्य सम्पादन गर्न सुझाव व्यक्त ।
- मानव संसाधन तर्फ मोटिभेसन र अन्य प्रगती गरको धारणा व्यक्त ।
- शाखाहरुको व्यवसायवाट नाफा लिनु पर्ने धारणा व्यक्त ।
- रिजर्भमा सुधार गर्नु पर्ने धारणा व्यक्त ।
- मार्केट रिस्क र अपरेशन रिस्कमा सजग हुनु पर्ने धारणा व्यक्त ।
- एसेट क्वालिटी र इकवीटि क्वालिटीमा कम्पनीले ध्यान दिएको धारणा व्यक्त ।
- कम्पनीको अगामी प्रगतीको लागी शुभकामना व्यक्त

९.२. श्री अमृतनाथ रेग्मी

- शिखर इन्स्योरेन्स कम्पनीको अधिकृत पुंजी रु.एक अरव हुनु पर्ने धारणा व्यक्त ।
- जारी पुंजी ५० करोड वढाउदै चुक्ता पुजी ४/५ वर्षमा रु.५० करोड वढाउन सुझाव ।
- अनलाईन विजनेशमा जोड दिई Fire wall समेतको व्यवस्था हुनु पर्ने सुझाव ।
- दश वर्ष पुगेको अवसरमा शेयरधनीहरु संग वसी दश वर्ष गाँठ मनाउन सुझाव ।
- अगामी वार्षिक साधारण सभा पहिलो त्रैमासिक सकिनासाथ सम्पन्न गर्न आग्रह ।
- शिखर इन्स्योरेन्स कम्पनीले मात्र Research and Development विभाग राखी कार्य संचालन गरेकोमा खुशि व्यक्त ।
- अगामी पाँच वर्षमा मार्केट हिस्सा वढाउँदै लानु पर्ने धारणा व्यक्त ।
- डाटा स्टोर गरी डाटा म्यानेजमेन्ट गर्न सुझाव व्यक्त ।
- Treasory management तीर ध्यान दिई आफुसंग भएको रकमको वढि भन्दा वढि प्रतिफल लिन तर्फ सजग हुन पर्ने धारणा व्यक्त ।
- कम्पनीको करेन्ट भ्यालुएसन गर्नु पर्ने धारणा व्यक्त ।
- हेल्थ इन्स्योरेन्स बीमालेखमा उल्लेख भएको ५५ वर्ष आयू सिमा वढाउनु पर्ने धारणा व्यक्त ।

*९.३. श्री उद्धव घिमिरे*

- २०% वोनस शेयरको रुपमा दिएको प्रतीफल संतोषजनक भएको धारणा व्यक्त ।
- अगामी वर्षमा २५% मा नघटने गरी लाभाँश दिनु पर्ने धारणा व्यक्त ।
- डाटा स्टोरेज र डिजास्टर म्यानेजमेन्टमा ध्यान दिनु पर्ने सुझाव व्यक्त ।
- कम्पनीको CSR र संस्थागत सुशासन राम्रो भएको धारणा व्यक्त ।
- संचालक समिति चुस्त दुरुस्त रहेको धारणा व्यक्त ।
- निर्जिवन बीमाको नयाँ लगानीक्षेत्र पहिचान गरी लगानी गर्दै जानु पर्ने धारणा व्यक्त ।
- नेपाल सरकारले निर्देशन गरेका कृषि तथा पशु पंछी बीमा विशेष गरी पश्चिम भेग तीर वढाउदै जानु पर्ने धारणा व्यक्त ।
- चुक्ता पुंजीको श्रेणीमा नम्वर २ मा, बीमाशुल्क संकलनमा नम्वर १ मा रहेको धारणा व्यक्त गर्दै सम्पुर्ण पुनरबीमकहरुको नाम सभालाई जानकारी गराउन आग्रह ।
- शेयर प्रमाण पत्र सिडिएस मार्फत अभौतीकीकरण गर्न सुझाव व्यक्त ।
- शिखर इन्स्योरेन्स कम्पनी लि. गत वर्षको तुलनामा राम्रो भएको र भविष्यमा पनि राम्रो गर्दै जाने भनी शुभकामना व्यक्त ।

*९.४. श्री माधव कुमार श्रेष्ठ*

- वेनस शेयर दिएकोमा धन्यवाद व्यक्त ।
- Creating Culture of Excellance कम्पनीले ध्यान दिन आग्रह ।

*९.५. मेजर कुवेर श्रेष्ठ*

- सवै बीमा कम्पनीहरु मध्ये यस कम्पनीले सवै भन्दा वढी बीमाशुल्क आर्जन गरेकोमा धन्यवाद व्यक्त ।
- प्रतिफलको रुपमा हकप्रद शेयर तथा वोनस शेयर दिएकोमा खुशी व्यक्त ।
- प्रति शेयर रु.४९।- कमाई २० प्रतिशत वोनश शेयर दिएकोमा रिजर्भ वृद्धि गर्दै लैजाने कम्पनीको राम्रो रणनीति भएको धारणा व्यक्त ।
- अगामी वर्ष १५ प्रतिशत लाभाँश र १५ प्रतिशत वोनश शेयर दिनु पर्ने सुझाव व्यक्त ।
- संकाष्पद बैंकहरुमा भएको लगानी तथा रकम समयमै झिक्नु पर्ने तथा भविष्यमा लगानी गर्दा बैंकहरुको राम्रो विश्लेषण गरी मात्र लगानी गर्न सुझाव ।
- विभिन्न पेशा तथा व्यवसायमा रहेका व्यक्तिहरुको तथ्याँक संकलन गरी विभिन्न बीमाको लागि प्रस्ताव गर्न सुझाव ।
- नेपालको कुल जनसंख्याको २०% जनसंख्या सम्म बीमा सेवा पुऱ्याउने लक्ष्य प्राप्त गर्नलाई सवै बीमा कम्पनीहरुले बीमा सम्वन्धी ज्ञानको प्रचार प्रसार गर्नु पर्ने धारणा व्यक्त ।
- कृषि तथा पशु पंक्षी बीमामा कम्पनीले विशेष ध्यान दिनु पर्ने सुझाव ।
- दश वर्ष पुगेको अवशरमा दशौँ वर्ष गाँठ मनाउन सुझाव ।
- कर्मचारी तथा संचालक समितिलाई राम्रो काम गरेकोमा धन्यवाद व्यक्त ।

*९.६. डमरु वल्लभ घिमिरे*

- गत साल ४०% र यस साल २०% वोनस शेयर दिएकोमा आभार प्रकट ।
- वार्षिक प्रतिवेदनमा पुनरवीमक कम्पनीहरुको नाम उल्लेख गर्न आग्रह ।
- स्वास्थ बीमाले जेष्ठ नागरिकलाई समेत समावेश गनु पर्ने तर्फ प्रयास गर्न आग्रह ।
- संकट ग्रस्थ वित्तिय संस्थामा रहेको रकम कम्पनीले फिर्ता लिन सकेकोमा प्रसंशा व्यक्त ।
- नवौं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै वढी भन्दा वढी वोनस शेयर प्रदान गर्न आग्रह ।

*९.७. लवराज जोशी*

- २०% वोनसको रुपमा दिएको प्रतीफल संतोषजनक भएको धारणा व्यक्त ।
- शेयर धनीहरुको लगानीलाई वढी भन्दा वढी उपयोग गरेर उचित प्रतिफल दिई लगानीलाई सुरक्षित गर्न आग्रह ।
- कर्मचारीहरुको प्रशिक्षण तथा वौद्धिक ज्ञान वढाउनमा गरेको प्रयास सराहनिय भएको धारणा व्यक्त ।

९.८.श्री अमिर दास रंजित

- २०% वोनसको रुपमा प्रतीफल दिएकोमा धन्यवाद व्यक्त ।
- अगामी सालमा समयमै साधारण सभा सम्पन्न गर्न सुझाव ।
- प्रतिफलमा प्रत्येक वर्ष कन्सीसटेन्सी कायम राख्नु पर्ने सुझाव व्यक्त ।
- वोनस शेयर हकप्रद शेयर समयमै सुचिकृत गर्न आग्रह ।
- बीमाशुल्क लगायत नाफा तथा अन्य वित्तीय सुचाँकहरुमा समेत कम्पनी अग्रणी स्थानमा हुनु पर्ने सुझाव ।
- TEA क्षेत्रमा बीमा सेवा विस्तार गर्नु पर्ने सुझाव व्यक्त ।
- हवाई बीमामा सजग रहन आग्रह ।
- मोटर बीमा सम्वन्धी झुठा दावीहरु बीमा कम्पनी तथा बीमा समिति तथा अन्य निकायहरुको संयुक्त प्रयासले निरुत्साहित गर्दै जानु पर्ने धारणा व्यक्त ।
- लगानी विविधिकरणमा जोड दिनु पर्ने सुझाव
- अन्तमा शिखर इन्स्योरेन्स कम्पनीको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त ।

९.९.इन्द्र कृष्ण श्रेष्ठ

- संचालक समितिले वुद्धिमतापुर्वक चुक्ता पुँजी हकप्रद शेयर मार्फत २५ करोड भन्दा वढी ( २६.२५ करोड) पुऱ्याएकोमा धन्यवाद व्यक्त ।
- नवौं वार्षिक साधारण सभाद्वारा २०% वोनस शेयर दिएकोमा धन्यवाद ज्ञापन ।
- व्यापार प्रवर्धन, विज्ञापन, अतिथि सत्कार तथा चन्दा शिर्षकमा गत सालको तुलनामा खर्च कटौती गर्न सकेकोमा प्रसंसा व्यक्त ।
- जम्मा १४० कर्माचारीहरु मध्ये महिला तथा पुरुष कर्मचारीको संख्या समेत खुलाउन आग्रह ।
- अगामी दिनहरुमा कम्पनीले अझै प्रगती गर्दै जानु पर्ने धारणा व्यक्त ।

शिखर इन्स्योरेन्स कं. लि. काठमाडौं

९.१०. रामगोपाल महर्जन

- २०% वोनसको रुपमा प्रतीफल दिएकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद व्यक्त ।
- कम्पनीले बीमाशुल्क परिमाण तथा गुणात्मक व्यवसाय वृद्धि गर्दै जाने लक्ष्य लिएकोमा प्रसंसा व्यक्त ।
- खर्च समेतलाई मध्यनजर गर्दै शाखा विस्तारमा ध्यान दिन आग्रह ।
- संकटग्रस्थ वित्तिय संस्थाहरुमा रहेका रकम सम्वन्धमा जिज्ञासा व्यक्त ।
- हवाई बीमामा ध्यान दिन आग्रह ।
- विज्ञापन खर्चमा कटौती गर्दै सुचना प्रविधिमा वढी खर्च गर्न सुझाव ।
- कर्मचारहरुलाई समय सापेक्ष तालिम तथा सुविधा लगायत प्रोमोसनको व्यवस्था गर्न आग्रह।
- बैंकमा मौज्दात राख्नु सट्टा शेयर तथा अन्य क्षेत्रमा लगानी गर्न आग्रह ।
- पशुपंक्षी बीमा सम्वन्धी जानकारी गराउन अनुरोध ।
- समयमा वार्षिक साधारण सभा सम्पन्न गर्न आग्रह गर्दै कम्पनीको उत्तरोत्तर प्रगतीको कामना व्यक्त ।

**१०. शेयरधनीहरुको जिज्ञासा उपर सभाका अध्यक्ष श्री विकास जंग बहादुर राणाज्यूको प्रतिउत्तर :**

- शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरु अहम र महत्वपुर्ण भएको जानकारी गराउँदै सुझावहरु मनन गर्दै हुवहु पालना गर्ने र आउँदा वार्षिक साधारण सभामा सोको आभाष हुने प्रतिवद्धता व्यक्त गर्नुभयो । अगामी साधारणसभामा अझ राम्रो परिणाम दिने विश्वास दिलाउन प्रयत्न गरिने जानकारी गराउनु भयो ।

**शेयरधनीहरुको जिज्ञासा उपर प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेको प्रतिउत्तर :**

- TEA क्षेत्रमा लगानी गर्ने योजना वनाई सकिएको जानकारी गराउनु भयो ।
- मार्केट रिस्क र अपरेशन रिस्कमा ध्यान दिईरहेको जानकारी गराउनु भयो र सो कार्यका लागि Acctury वाट कम्पनीको अध्ययन गराईएको जानकारी गराउनु भयो ।
- अगामी वार्षिक साधारण सभा समयमा गरिने प्रतिवद्धता व्यक्त ।
- शेयर धनीहरुको आग्रह वमोजिम प्रतिफल दिने प्रयास गरिने जानकारी गराउनु भयो ।
- कम्पनीको सफ्टवेयरमा भएको डाटाको Backup राम्रै रहेको जानकारी गराउनु भयो ।
- स्वास्थ बीमामा ५५ वर्षको सीमा अन्तराष्ट्रिय पुनरबीमा अनुसार रहेको भएतापनि समुहको रुपमा विमितहरु आएको खण्डमा सो सुविधा दिन सकिने व्यहोरा जानकारी गराउनु भयो ।

- अगामी दश वर्षे योजना तथा रणनिति वनाउने कार्य भईरहेको जानकारी गराउनु भयो ।
- अन्य बीमा कम्पनीहरुको स्थिति समेत लाई ध्यानमा राखी व्यवसायिक रणनिति वनाईरहेको जानकारी गराउनु भयो ।
- व्यवस्थापकिय खर्चलाई परिणाममुलक तथा उपलब्धीमुलक वनाउने तर्फ ध्यान दिने जानकारी गराउनु भयो ।
- क्षेत्रिय कार्यालयको स्थापना गरी व्यवसाय वृद्धि गर्दै लैजाने जानकारी गराउनु भयो ।
- सिडिएस मार्फत कारोवार गर्न करार गरिसकेको र शेयर प्रमाणपत्र अभौतिकिकरण गर्न कम्पनी तयार रहेको जानकारी गराउनु भयो ।
- शेयर विभाग सम्वन्धी कार्य वाहिरै जिम्मा दिई बीमा व्यवसायमा मात्र केन्द्रित रहने जानकारी गराउनु भयो ।
- संकास्पद बीत्तिय संस्थाहरुवाट रकम झिकि र त्यस्ता सम्भावित अन्य वैंकहरुमा लगानी गर्ने सम्वन्ध कम्पनी सजग रहेको जानकारी गराउनु भयो ।
- गत वर्ष अन्य आम्दानी शिर्षकमा विदेशी विनिमयमा नाफा भएको हुँदा यस वर्ष सो शिर्षकमा आम्दानी कम देखिएको जानकारी गराउनु भयो ।
- सवै पुनरबीमक कम्पनीहरु A Rated भएको जानकारी गराउनु भयो । कम्पनीको नाम यस प्रकार रहेको जानकारी गराउनु भयो :
  GIC, Eric, African Re, Mili Re र Trust Re, Aviation को लागि Lloyd's Syndicate को साथसाथै Personal life को लागी CDS International रहेको जानकारी गराउनु भयो
- नियमित प्रतिफल दिन कम्पनी सजग रहेको जानकारीको साथसाथै वोनस शेयर समय मै सुचिकरण गर्ने जानकारी गराउनु भयो ।
- चुक्तापुँजी एक अरव पूऱ्याउन कम्पनी अग्रसर रहेको जानकारी गराउनु भयो ।
- सफ्टवेयरले व्यवसाय सहजीकरणमा निकै ठुलो सहयोग पुऱ्याएको जानकारी गराउनु भयो
- कर्मचारीहरुको तालिम तथा प्रोमोसन नियमित कार्य भएको र यस कम्पनीका कर्मचारीहरुमा पारिवारिक वातावरण कायम राखी अन्य कम्पनीमा नजावोस भन्नेतर्फ समेत कम्पनी सजग रहेको जानकारी गराउनु भयो ।

**११. वार्षिक साधारण सभाको निर्णय :**

१. आ.व. २०६९/७० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।

२. आ.व. २०६९/७० को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सो लाई सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो।

३. संचालक समिति वाट प्रस्तावित रु.१८,४२,१०५/–(प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ) नगद लाभांश सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।

४. आर्थिक वर्ष २०७०/०७१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने बारेमा प्रस्तावित जि.पि.राजवाहक एण्ड कम्पनीलाई नियुक्ति गर्ने र निजको पीरश्रमिक तोक्ने सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

५. कम्पनीको नियमावलीको नियम १२ वमोजिम अगामी चार वर्षको लागी संस्थापक समूह ( क) वाट ४ जना श्री विकास जंगवहादुर राणा, बुद्ध एयर प्रा.लि.को तर्फवाट श्री रमेश कुमार लुइटेल, श्री गौरव अग्रवाल, श्री आँ छिरी शेर्पा र समुह (ख) वाट २ जना श्री राजेन्द्र प्रसाद श्रेष्ठ, लोमस इन्भेष्टमेण्ट प्रा.ली.को तर्फवाट श्री प्रदिप जंग पाण्डे गरी जम्मा ६ जना संचालकहरुके निर्विरोध निर्वाचन भएको निर्वाचन अधिर्कतले साधारण सभामा घोषणा गर्नु भयो ।

६. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुंजीको २० प्रतिशत बोनस शेयरको प्रस्ताव सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो । (बोनस शेयर बितरण गर्दा सम्पुर्ण खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा साविक कै शेयर स्वामित्व (पुंजी प्रतिशत) कायम राख्ने गरी जारी पुंजी तथा चुक्ता पुंजी संसोधन गर्ने सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।)

७. पुंजी वृद्धिको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने

**१२. धन्यवाद ज्ञापन**

यस बाहेक अन्य विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी सातौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

निलेश रत्न तुलाधर
कम्पनी सचिव

विकास जंग बहादुर राणा
अध्यक्ष